वैठक संख्या :- १३८
मिति : - २०८०।०३।०७, विहिवार
समय :- विहान ७:०० वजे

कमलामाई नगर कार्यपालिका प्रमुख श्री उपेन्द्र कुमार पोखरेल ज्यू को अध्यक्षतामा निम्नानुसारको उपस्थीतिमा कार्यपालिकाको वैठक वस्यो ।

## उपस्थिति

| | |
|---|---|
| श्री उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | उप-प्रमुख |
| श्री नरेश गोले | वडाअध्यक्ष १ |
| श्री ईन्द्र वाईवा | वडाअध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडाअध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडाअध्यक्ष ४ |
| श्री पुर्ण वहादुर खड्का | वडाअध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | वडाअध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ्ग | वडाअध्यक्ष ७ |
| श्री कोमल कुमार श्रेष्ठ | वडाअध्यक्ष ८ |
| श्री विनोद प्रधान | वडाअध्यक्ष ९ |
| श्री दिप बहादुर कार्की | वडाअध्यक्ष १० |
| श्री रामबहादुर थिङ | वडाअध्यक्ष ११ |
| श्री भिमवहादुर गुर्मछान | वडाअध्यक्ष १२ |
| श्री केशर बहादुर कार्की | वडाअध्यक्ष १३ |
| श्री राजन न्यौपाने | वडाअध्यक्ष १४ |
| श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री जमुना कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री देवि देवकोटा | कार्यपालिका सदस्य |
| श्री धन कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री भद्रीमाया हायु | कार्यपालिका सदस्य |
| श्री मान बहादुर दमाई | कार्यपालिका सदस्य |
| श्री राजन बहादुर भुजेल | कार्यपालिका सदस्य |
| श्री सुर्य प्रसाद दाहाल | सचिव ( प्र.प्र.अ.) |

**आमन्त्रित कर्मचारी :**

- टेकेन्द्र कुमार कार्की, आर्थिक प्रशासन प्रमुख
- सुशिल कुमार वर्मा, आन्तरीक लेखा परीक्षण शाखा प्रमुख
- दिपेस के.सी., प्रशासन शाखा
- अजय प्रधान, क.अ., प्रशासन शाखा

**प्रस्तावहरु :**

प्रस्ताव नं. १ : आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम ।
प्रस्ताव नं. २ : दररेट सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं. १ :** आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमका सम्बन्धमा व्यापक छलफल गरी आवश्यक संसोधन सहित पारित गरी १३औं आगामी नगरसभामा स्वीकृतीका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला भाडा तथा महसुलको स्थानीय न्यूनतम् दररेट प्रत्येक आर्थिक वर्ष शुरु हुन भन्दा पन्ध्र दिन अगावै तोकी सक्नु पर्नेछ भनी उल्लेख भएकोमा कमलामाई नगरपालिका सदरमुकामको नगरपालिका समेत भएको हुँदा आ.व. ०८०/०८१ को लागि जिल्ला दररेट निर्धारण समिति, सिन्धुलीले जिल्लाको लागि जिल्ला दररेट निर्धारण गरे पछि सो लाई मध्यनजर गरी आ.व. ०८०/०८१ को लागि नगर दररेट निर्धारण गर्ने ।

# कमलामाई नगरपालिका सिन्धुली
## आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम

कमलामाई नगरपालिकाका उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत,
नगर सभाका सबै सदस्यहरु।

१. कमलामाई नगरपालिकाको यस गरिमामय नगरसभाको तेन्हौ अधिवेशन समक्ष आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ । यस नगरसभामा उपस्थित हुनु भएका नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु लगायत अन्य महानुभावहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु ।

२. सर्वप्रथमः यस महत्वपूर्ण घडीमा , राष्ट्र , राष्ट्रियता , स्वाभिमानको रक्षार्थ र परिर्वतनको आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु , परिवर्तन, न्याय र विकासको आन्दोलनमा घाईते एवं अशक्त हुनुभएका प्रति उच्च सम्मान व्यक्त गर्दछु । साथै स्वाधिनता, सामाजिक न्याय, समानता र संघीय शासन प्रणाली स्थापना गर्न संघर्ष गर्नुहुने अग्रजहरु र सम्पूर्ण नेपाली जनताले पुऱ्याउनु भएको योगदानलाई उच्च मूल्याँकन गर्दै स्मरण गर्न चाहन्छु ।

३. कोभिड-१९, डेङ्गी जस्ता रोगले हाम्रो स्वास्थ्य क्षेत्र सदैव चुनौतीपूर्ण बनेको छ । रुस-युक्रेन युद्ध लगायत विभिन्न अन्तर्राष्ट्रिय घटनाले देशको अर्थतन्त्रमा बाह्य क्षेत्रको चाप सिर्जना हुनुका साथै आपूर्ति शृङ्खलासमेत प्रभावित हुन पुगेको छ । यस परिवेशमा अर्थतन्त्रको समग्र मागमा आएको ह्रास, तरलताको सङ्कुचन, उच्च व्याजदर, घट्दो राजश्व परिचालन, देशको आयात निर्यात व्यापारमा देखिएको असन्तुलनले गर्दा आर्थिक सुस्तताको चपेटामा हामी रहेको विधमान परिवेश सवैलाई जगजाहेर नै छ ।

४. कमलामाई नगरपालिकालाई कोरियन सरकारको सहजीकरणमा हेफर इन्टरनेश्नल कोरियाको सहयोगमा ८० वटा उन्नत जातको कोरली बाच्छी वस्तुगत सहायताको रुपमा प्राप्त भएको छ । हेफर इन्टरनेशनल र कोरियन सरकारले कमलामाई नगरपालिकालाई विश्वास गरी छनौट गरेकोमा सर्वप्रथम म कोरियन सरकार र हेफर इन्टरनेशनललाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

५. यसै वर्ष महामारीको रुपमा गाई भैसीहरुमा एक प्रकारको भाईरसबाट लाग्ने रोग लम्पि स्किन सँग मिल्दोजुल्दो रोगका कारण धेरै गाई तथा भैसीहरु प्रभावित भएको र केही मरेको अवस्थामा कृषकहरुलाई पुग्न गएको क्षतिप्रति म गहिरो दुख व्यक्त गर्दछु । यस रोगको रोकथामको लागि खास उपचार नभएता पनि पशुलाई बचाउन नगरपालिकाले चिकित्सकीय परामर्श दिदै आएको छ ।

६. कमलामाई नगरपालिकाले आफ्नो साधन श्रोत र क्षमताको अधिकतम उपयोगमा सदैव ध्यान दिएको छ , नगरको विकास र समृद्धीमा नगरपालिकाले प्रस्तुत गरेको नीति, कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयनका साथै सुशासनको प्रत्याभूती दिलाउन नगरपालिका सदैव प्रयासरत रहेको छ । नगरपालिकाको पुँजीगत खर्चको प्रगति लक्ष्य अनुरुपनै भैरहेको र पुँजीगत खर्चमा भएको बढोत्तरीले नगरका विभिन्न पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, कृषि, सामाजिक क्षेत्र लगायतको विकासमा सकारात्मकता ल्याउने विश्वास लिइएको छ ।

७. नेपालको संविधान (२०७२) अनुसार नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको छ । यी तीन सरकारले राज्यशक्तिको प्रयोग सहकारिता, सहअस्तित्व र समन्वययका आधारमा गर्ने व्यवस्था भए अनुरुप विकासका हरेक गतिविधिहरुमा तीनवटै सरकारको समन्वय र सहकारिता हुन आवश्यक देखिन्छ । संघ र प्रदेश सरकारबाट स्थानीय सरकारसंग समन्वय नहुँदा कतिपय विकास निर्माणका काममा दोहोरोपना आउने, आवश्यकताका आधारमा वस्तुनिष्ट ढंगले विकास आयोजना छनौट नहुने समस्या स्थानीयतहहरुले भोग्नुपरिरहेको छ । स्थानीय तहको सर्वोपरि विकासमा संघीय सरकार र प्रदेश सरकारसँग समन्वय, सहकारिताका साथ अघि बढ्न नगपालिका सदैब प्रतिबद्ध रहेको छ ।

८. कमलामाई नगरपालिका प्राकृतिक श्रोत साधन र ऐतिहासिक तथा पुरातात्विक सम्पदामा जीवन्त रहन सक्षम रहेको छ । भौगोलिक विविधताले सजिएको यस नगरपालिका पर्यटकीय प्रचुर संभावना भएकाले यस तर्फ तपाई हामी सबैले आउँदा दिनमा थप पहलकदमी गर्न जरुरी देखिन्छ ।

९. सबल प्रशासनबाटनै हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरु प्रभावकारी कार्यान्वयन हुने भएकाले प्रशासन सुदृढीकरणतर्फ नीति तथा कार्यक्रम परिलक्षित रहेको छ ।

१०. दीगो बिकासका लक्ष्य अनुरुप, आगामी आर्थिक वर्ष २०८०/८१ मा कमलामाई नगरपालिकाले लिनु पर्ने नीति तथा कार्यक्रम तयार गरी नगरको समृद्धिको खाका कोर्ने अवसरमा हामी जुटि रहेका छौं ।

११. नगरपालिकाको लागि संघ तथा प्रदेश सरकाबाट प्राप्त हुने वित्तीय हस्तान्तरणको अनुदान तथा राजश्व बाँडफाँडको रकममा आर्थिक वर्ष २०८०/८१ मा चालु आर्थिक वर्षको भन्दा कम आउने भएपछि नगरपालिकाको बजेट निर्माणमा प्रत्यक्ष असर पर्ने देखिएको छ । यस्तो अवस्थामा खर्चमा थप मितव्ययीता अपनाउनुपर्ने देखिन्छ । नगरपालिकाको आन्तरिक आयश्रोतलाई सुदृढीकरण गर्ने तर्फ यस नीति तथा कार्यक्रम निर्देशित रहेको छ । यसमा सबै पक्षको सहयोग र समन्वय रहने कुरामा म विश्वस्त रहेको छु ।

**आदरणीय, नगरसभा सदस्यज्यूहरु,**

१२. अब म कमलामाई नगरपालिकाले आ.ब. २०८०।८१ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु निम्न बमोजिम प्रस्तुत गर्दछु :

- नेपालको संविधानका प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु ।
- स्थानीय सरकार संचालन ऐन २०७४ ।
- संघ तथा प्रदेश सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तीय नीतिहरु ।
- नगरपालिकाको जनसंख्या तथा भौगोलिक अवस्था ।
- आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने योजनाहरु ।
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरु ।
- स्थानीय जनताको सहभागीता रहने, अपनत्व महसुस हुने तथा लागत कम लाग्ने योजनाहरु ।
- महिला, बालबालिका तथा पिछडिएका वर्ग एवं क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना तथा कार्यक्रमहरु ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने योजना तथा कार्यक्रमहरु ।
- दीगो विकास, बातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुर्याउने योजनाहरु ।

- भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्‍याउने योजनाहरु ।
- सहभागिताको स्तर (योजना तर्जुमा, कार्यान्वयन र अनुगमन) ।
- बजेट उपलब्धताको अवस्था ।
- दोहोरोपना नहुने आधार ।
- घनावस्ती र शहरीकरण ।
- विकासका समसामायिक मुद्धाहरु : दिगो विकास लक्ष्य, जलवायु परिवर्तन, विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास ।
- बालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, सरसफाइ तथा फोहोरमैला व्यवस्थापन सम्बन्धित विषयहरु ।
- फजुल खर्च कटौती गर्ने, मितव्ययीता अपनाउने, भ्रष्टाचार नियन्त्रण गर्ने, सुशासन सम्बन्धि निर्देशिका ।
- कमलामाई नगरपालिकाले आवश्यक ठानेका विषयहरु ।
- विगतका आर्थिक बर्षमा नगरपालिकाले तयार पारेका नीति, कार्यक्रम तथा योजनाहरु ।
- विभिन्न राजनीतिक दलहरु, संघ सस्थाका प्रतिनिधीहरु, नगरबासी सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीका सल्लाह सुझाबहरु ।

**आदरणीय, नगरसभा सदस्यज्यूहरु,**

१३. कमलामाई नगरपालिकाको नीति तथा कार्यक्रम तर्जुमाका मुख्य उद्देश्यहरु निम्न रहेका छन ।

- सुशासन अभिवृद्धी
- स्वास्थ्यमा सवैको सहज पहुँच
- गुणस्तरीय शिक्षा
- स्वच्छ खानेपानीमा सबैको पहुँच
- कृषि तथा पशुपन्छी विकासमा आधुनिकीकरण, व्यवसायीकरण र विविधिकरण
- पूर्वाधार विकास (सडक, पुल, भवन, सिचाई, खानेपानी, पार्क निर्माण आदि)
- उपभोक्ता हित संरक्षण योजना
- आत्मनिर्भरता र स्वरोजगार अभिबृद्धी
- पर्यटकीय पूर्वाधार बिकास

- बातावरण, फोहरमैला व्यवस्थापन तथा विपद व्यवस्थापन
- सूचना तथा संन्चार
- सहकारीको सुदृढिकरण एवं विकास
- युवा तथा खेलकुद विकास
- सामाजिक सुरक्षा र समावेशी विकास (आदिवासी, जनजाति, महिला, दलित, फरक क्षमता भएका व्यक्ति आदीको विकास)
- लैंगिक हिंसा रोकथामका कार्यक्रम सन्चालन
- सार्वजनिक जग्गा संरक्षण तथा व्यवस्थापन एवं पार्क तथा हरियाली क्षेत्रको विकास
- ऐलानी तथा अव्यवस्थित जग्गाको व्यवस्थापन

**आदरणीय, नगरसभा सदस्यज्यूहरु,**

**आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रमको छोटकरी समिक्षा**

अब म कमलामाई नगरपालिकाले आ.ब.२०७९/८० मा लिएका मुख्य नीति तथा कार्यक्रमहरुको उपलब्धी र अवस्थाको छोटकरी विवरण यस सम्मानित सभा समक्ष राख्न चाहन्छु।

१. नगरपालिकाको आन्तरिक राजश्व संकलनको लक्ष्य अनुसार राजश्व संकलन गर्न सफलता प्राप्त भएको छ। विभिन्न नदीनालाको नदीजन्य पदार्थ उत्खनन्, बिक्री गर्न ठेक्का बन्दोवस्त गर्ने काम भएको छ साथै बसपार्क ठेक्का, हाटवजार ठेक्का, विज्ञापन कर ठेक्का, कवाडी ठेक्का जस्ता आय ठेक्काबाट राजश्व संकलनको काम भएको छ।

२. बहुवर्षीय रुपमा निर्माणाधीन सिटी हलको निर्माण अन्तिम चरणमा पुगेको छ।

३. आफ्नो वडा कार्यालय भवन नभएका वडाहरुमा नयाँ वडा कार्यालय भवन निर्माण गर्ने नीति अनुरुप चालु आर्थिक वर्षमा वडा नं. १३ बाट वडा कार्यालयको भवन निर्माण कार्य शुरु भएको छ।

४. महत्वपूर्ण आयोजनाहरुको डी.पी.आर. गरी कार्यान्वयन गर्ने कार्यलाई चालु आर्थिक वर्षमा अघि बढाइएको छ।

५. सूचना प्रविधिको उपयोगमा जोड दिदै नगरपालिकामा आफ्नै सर्भर जडान गरी आफ्ना सूचना तथ्यांकहरु सुरक्षित गर्ने कामको सुरुवात भएको छ।

६. सामुदायिक विद्यालयमा कक्षा ७ (सात) लागि समेत दिवा खाजाको व्यवस्था गरिएको छ ।

७. सामुदायिक विद्यालयमा वहुकक्षा वहुस्तर (MGML) साझेदारी शिक्षा कार्यक्रमको शुरुवात गरिएको छ ।

८. सामुदायिक क्याम्पसको गुणात्मक विकासको लागि नगरपालिकाले सामुदायिक क्याम्पस अनुदानको व्यवस्था गरेको छ ।

९. माटो सुधार कार्यका लागि कृषि ल्याव निर्माण गरी सुचारु गरिएको छ ।

१०. कृषि यान्त्रिकीकरण अन्तर्गत किसानहरुको लागत सहभागितामा विभिन्न यन्त्र उपकरण वितरणको कार्य गरिएको छ ।

११. शहर बजारमा छाडा कुकुर नियन्त्रणका लागि कुकुर बंध्याकरण शिविर संचालन गरी बंध्याकरण गर्ने काम गरिएको छ ।

१२. नगरपालिका दिवसका अवसरमा उत्कृष्ट कृषकहरु सम्मान, बढी कर तिर्ने करदाताहरु सम्मान कार्यक्रम सम्पन्न गरिएको छ ।

१३. पशुपंछीहरुको रोगको उपचारको लागि पशु ल्याव सञ्चालनम ल्याई चिकित्सकीय सेवा सुचारु गरिएको छ ।

१४. विशेषज्ञ चिकित्सकहरुको टोली सहित यस चालु वर्षमा वडा नं. १३ को मडाहामा र वडा नं १२ को कवासेमा शिविर संचालन गरिएको जसबाट करिव ३०० जना विरामीहरुले परीक्षण गरिएको छ ।

१५. शहरी क्षेत्रको फोहोरमैला व्यवस्थापन गर्न विभिन्न क्षेत्रमा गारवेज कन्टेनर राख्ने कार्य भैरहेको छ ।

१६. घरनक्सा पास सम्बन्धी कार्यमा पुराना फाईलहरु डिजिटाइजेशन गरी सफ्टवेअरको माध्यमबाट अभिलेख व्यवस्थापनको काम शुरु भएको छ ।

१७. नगरपालिकाका विभिन्न उधमीहरुलाई मागमा आधारित लागत साझेदारीमा प्रविधि हस्तान्तरण कार्य भएको छ ।

१८. प्रधानमन्त्री रोजगार कार्यक्रममा नगरपालिकाले साझेदारी गरी निर्माण कार्य सञ्चालन गरिएको छ ।

१९. वडाहरुमा बजेट सिलिङ्ग अनुसार पूर्वाधार विकास लगायत विभिन्न विकास योजना तथा कार्यक्रमहरु सञ्चालनमा आएका छन् ।

२०. नगरमा सञ्चालित अटोको पार्किङ्ग व्यवस्थापन गर्न अटो पार्क निमार्णको काम शुरु भएको छ ।

२१. सिन्धुली अस्पतालमा विशेषज्ञ डाक्टरको लागि प्रोत्साहन प्रदान गर्न नगरपालिकाबाट प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यको थालनी गरिएको छ ।

२२. कमलामाई नगर क्षेत्रका नदीखोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन र विक्री कार्यको लागि प्रारम्भिक वातावरणी परीक्षण (IEE) गर्ने काम भैरहेको छ ।

२३. बसपार्कमा ट्रस निर्माणको काम सम्पन्न भएको छ ।

२४. विपन्न मजदुरहरुलाई निःशुल्क स्वास्थ्य बीमा गर्ने काम वडाहरुको सिफारिसमा सम्पन्न भएको छ ।

२५. सेवाग्राहीहरुलाई विश्राम स्थान सहितको हेल्प डेस्क सञ्चालनमा ल्याइएको छ ।

२६. सिलामे वेलटार र डाँडाटोल दोभान कालोपत्रे सडक निर्माणको काम भैरहेको छ ।

२७. पौवागढी सिन्धुलीगढी फुट्पाथ निर्माण काम सम्पन्न भएको छ ।

२८. रानीखोला डिप वोरिङ्ग खानेपानी निर्माणको कार्य सम्पन्न भएको छ ।

२९. सामाजिक सुरक्षा भत्तालाई लाभग्राहीको सिधै खातामा भत्ता रकम जम्मा हुने विद्युतिय प्रणाली EFT लागू गर्ने काम अघि बढेको छ ।

३०. नगरपालिका न्यायीक समितिको नेतृत्वमा विभिन्न स्थानीय तहहरुको न्यायसम्पादनको अवस्था, तरिका र प्रगतिको वारेमा स्थलगत अध्ययन एवं अवलोकन गर्ने कार्य सम्पन्न गरिएको छ ।

अब म कमलामाई नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को नीति र कार्यक्रम यस नगरसभाको बैठकमा प्रस्तुत गर्न चाहन्छु।

## १. आर्थिक विकाससम्बन्धि नीति

### (क) कृषि

१) ५० प्रतिशत लागत साझेदारीमा विभिन्न कृषि यान्त्रिकरण उपलब्ध गराईनेछ।
२) नगरपालिकाका १४ वटै वडामा एक वडा एक पकेट कार्यक्रम सञ्चालन गरिनेछ।
३) बाँझो जग्गामा फलफूल विरुवा रोपण/वितरण कार्यक्रम सञ्चालनमा ल्याईनेछ।
४) विभिन्न कृषिमा आईपर्ने प्रकोपमा राहत कार्यक्रम ल्याईनेछ।
५) ड्रेगन फ्रुट तथा एवोकाडो खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
६) सामुहिक जैविक तथा प्राकृतिक खेती गर्ने समुहलाई अनुदानको व्यवस्था गरिनेछ।
७) कृषि उपज बिक्री वितरणको सहजताका लागि कृषि बजार तथा बिक्री केन्द्रको विकास गर्दै लगिनेछ।
८) माटो परीक्षण प्रयोगशाला सञ्चालनमा आएकाले यसलाई व्यवस्थित गर्दै बाह्रै (१२) महिना सञ्चालनमा ल्याईनेछ।
९) तरकारी खेतिलाई व्यवसायीकरण गर्न बिना धितो बिना व्याजमा कर्जा लाने कृषकहरुको संख्या बृद्धि गर्दै लगिनेछ, तरकारीमा आत्म निर्भरता बढाउन विभिन्न अनुदानका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
१०) कमलामाई नगरपालिकामा एक वडा एक कृषि प्राविधिक राख्ने नीतिलाई कार्यान्वयनमा ल्याईनेछ।
११) मल तथा किटनाशक विषाधिको प्रयोग बिनानै गरीने प्राकृतिक खेतीलाई प्रवर्द्धन गरिने कार्यक्रम संचालन गरिनेछ। सरकारी कृषि फारममा नमुनाको रुपमा प्राकृतिक खेती शुरुवात गरिनेछ। यसबाट माटोको प्राकृतिक उर्वरा शक्ति ह्रास नहुने, गुमेको उर्वरा शक्ति पुनः प्राप्त हुने र न्यून उत्पादन लागतमा स्वास्थ्य कृषि उपज प्राप्त हुने विश्वास लिएको छु।
१२) कृषकहरुलाई माग अनुसार मल उपलब्ध गराउन नसकिरहेको अवस्थामा आगामी आ.व. कृषि मलको सहज आपूर्ती गराउन विशेष पहल गरिनेछ।
१३) रैथाने बाली प्रवर्द्धन र संरक्षण कार्यक्रम संचालन गरिनेछ।

(ख) पशु

१४) दूधमा आत्मनिर्भरता बढेकाले दुग्ध सामाग्रीहरु उत्पादन गरी बजारीकरण गर्न दुग्ध उत्पादन सामाग्रीमा ५० प्रतिशत लागत साझेदारीको कार्यक्रम सञ्चालन गरिनेछ ।

१५) उत्पादित दूधको बजारीकरण गर्न ठूला डेरी उधोगहरुसँग समन्वय र साझेदारी गर्ने नीति लिइनेछ ।

१६) पशुजन्य उत्पादकहरुलाई उत्पादन परिमाणको आधारमा प्रोत्साहन, सुविधा उपलब्ध गराईनेछ ।

१७) माछा र अण्डा उत्पादनमा आत्मनिर्भरता बढाउन माछा र अण्डा व्यावसायिक रुपमा उत्पादन गर्ने कृषकहरुलाई विशेष प्राथामिकतामा राखी नगरले कार्यक्रमहरु ल्याउँनेछ ।

१८) पशु नश्ल सुधारको लागि गाई भैसीमा कृतिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिइनेछ ॥

१९) यस अघि गर्दै आएको पशु विमा कार्यलाई निरन्तरता दिइनेछ ।

२०) नगरपालिकाको शहरी क्षेत्रमा व्यवस्थित पशु बधशाला नभएकाले व्यवस्थित पशुवधशालाको लागि उपयुक्त स्थान छनौटको काम गरी प्रक्रिया अघि बढाईनेछ ।

२१) गाई, बाखा, भैसी, बंगुर, माछा लगायत पशु उत्पादक कृषकलाई यस अघि दिदै आएको विना धितो/ विना ब्याजको ऋणलाई निरन्तरता दिदै जाने नीति लिइनेछ ।

२२) प्राविधिक प्रविधि मैत्रि नीति लागु गरीनेछ । जसका लागि उचित तालिमको व्यवस्थापन गरिनेछ ।

२३) आकस्मिक पशु उपचार सेवाको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

२४) पशु स्वास्थ्य शिविरलाई निरन्तरता दिइनेछ ।

२५) पशु ल्यावको माध्यमबाट पशु चिकित्सकीय सेवा प्रवाहलाई थप प्रभावकारी गराउँदै लगिनेछ ।

२६) घाँसको नर्सरिलाई निरन्तरता दिदै आवश्यक उपकरणको व्यवस्था गरिनेछ ।

२७) विपन्नता न्युनिकरण गर्न विपन्न लक्षित कार्यक्रम अन्तर्गत नगरपालिकाको वडा नं. १, वडा नं. ११, वडा नं.१२, वडा नं. ८ र वडा नं. १३ मा लक्षित परिवारलाई वाखा अनुदान कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

२८) आवश्यक स्थानहरुमा पशु हाट बजारको उचित व्यवस्थापन गरिनेछ ।

२९) पशु सुत्केरी भत्तालाई निरन्तरता दिइनेछ ।

३०) प्रत्येक वडाका उत्कृष्ट पशु तथा कृषिका एक एकजना कृषक छनौट गरी नगरपालिकाले सम्मान तथा पुरस्कृत गर्नेछ ।
३१) पशुधन क्षति हुनबाट बचाउनको लागि माहामारी रोग विरुद्ध खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
३२) पशु उपकरण र औषधी वितरण कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउँदै लगिनेछ ।
३३) बंगुरपालन कृषकहरुलाई प्रोत्साहन गर्न ५० प्रतिशत लागत साझेदारीमा विभिन्न कार्यक्रमहरु ल्याईनेछ ।
३४) कोरिया सरकार तथा हेफर इन्टरनेश्नलबाट अनुदान प्राप्त उन्नत नश्लका गाईहरुको संरक्षण र प्रवर्द्धन गर्न विशेष कार्यक्रम ल्याईनेछ ।

(ग) उद्योग /वाणिज्य

३५) बेरोजगार युवाहरु, वैदेशिक रोजगारमा गई स्वदेश फर्केका युवाहरु तथा आट, सीप भई लगानीको अभाव भएका व्यक्तिहरुका लागि साना तथा मझौला उद्योग/व्यबसाय संचालन गर्न नगर स्वरोजगार कार्यक्रम संचालन गरिएकोमा यस कार्यलाई आगामी बर्ष थप व्यवस्थित र प्रभावकारी बनाईनेछ ।
३६) सीप भएका तर लगानीको अभावमा बेरोजगार बनेका व्यक्तिहरुको वडाबाट तथ्यांक प्राप्त गरी सीप अनुसारको स्वरोजगारको व्यवस्थापन गर्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
३७) लघु तथा घरेलु उद्योगहरुको तथ्याङ्क संकलन गरी यसको प्रवर्द्धन र विकासमा जोड दिइने दिइनेछ ।
३८) व्यवसाय व्यवसाय बीच सम्बन्ध विस्तार अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।
३९) संचालित उद्योग व्यवसायलाई लेवलिङ्ग र प्याकेजिङमा सहयोग गर्ने नीति लिईनेछ ।
४०) नगरपालिका भित्र रहेका उद्योग व्यापार व्यवसायहरुको तथ्याङ्क अभिलेखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
४१) संचार माध्यमबाट सफल उद्यमी प्रवर्द्धन कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।
४२) स्थानीय स्तरमा उत्पादन भएका उत्पादित वस्तुको प्रदर्शन एवं प्रवर्द्धन कार्यको आयोजना गरिनेछ ।
४३) घरेलु उद्योगको सुरक्षा र प्रवर्द्धनका लागि विभिन्न कार्यक्रमहरु ल्याईने छ ।
४४) गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई थप व्यवस्थित बनाउँदै लगिनेछ ।

४५) भै रहेको उद्योगहरुलाई स्तरोन्नति गराउन प्रविधि सहयोग साझेदारी कार्यक्रम ल्याईनेछ ।

(घ) पर्यटन

४६) पर्यटन प्रवर्द्धन गर्न चियाबारी ढुंग्रेभञ्ज्याङ्ग ऐतिहासिक पद मार्ग पुन: निर्माण कार्य गरिनेछ ।

४७) निजी क्षेत्र साझेदारीमा स्ट्रीट फेस्टिभल कार्यक्रम आयोजना गरिनेछ ।

४८) सुनकोशी मरिण जलसाधन परियोजना पर्यटन विकास गुरु योजना निर्माण कार्य शुरु गरिनेछ ।

४९) ऐतिहासिक तथा धार्मिक महत्वको कमलामाई मन्दिरको जगेर्ना र प्रवर्द्धन गर्न विशेष कार्यक्रम ल्याईने छ ।

५०) स्वदेश, विदेशको मुख्य आकर्षणको केन्द्रको रुपमा रहेको सिन्धुलीगढीको पर्यटन पूर्वाधार विकास कार्यलाई निरन्तरता दिईनेछ, पर्यटन अभिवृद्धीका लागि सिन्धुलीगढी क्षेत्रमा बालउद्यानको निर्माण गरिनेछ ।

५१) नगरपालिका क्षेत्रका विभिन्न धार्मिक पर्यटन क्षेत्रहरुको पूर्वाधार विकास गर्दै जाने कार्यलाई निरन्तरता दिइनेछ ।

५२) कमलामाई नगरपालिका वडा नं. १० र वडा नं. १३ वीचको चदाहा पिकनिक स्पटको पूर्वाधार विकास गरिनेछ, र सो स्थानमा पोखरीको निर्माण गरी पर्यटन प्रवर्द्धन गर्ने कार्यलाई अगाडि बढाईने छ ।

५३) नगरपालिका भित्र रहेका मठ, मन्दिर, गुम्वा जस्ता धार्मिक स्थल तथा पुरातात्वीक महत्वका बस्तु तथा स्थानको उचित संरक्षण र सम्बर्द्धन गर्ने कार्यलाई अगाडि बढाईनेछ ।

५४) पर्यटनमा सूचना तथा प्रविधिको उच्चतम प्रयोग गरी ईन्टरनेटको माध्यमबाट सूचना प्राप्त हुने व्यवस्था मिलाईने छ ।

५५) पर्यटकको उचित सेवा, सत्कार र सुरक्षा प्रवन्ध सहितको पर्यटकीय आवास व्यवस्थापन गर्न होटलहरुको न्यूनतम सेवा, मुल्य र गुणस्तर मापदण्ड निर्धारण गरिनेछ ।

५६) यस नगरपालिकाको सम्भावित पर्यटकीय स्थलमा होमस्टे संचालनको लागि आवश्यक प्रक्रिया अगाढी वढाइने छ । वडा नं.२ ढुङ्गेभन्ज्याङमा संचालीत होमस्टेलाई प्रवर्द्धन गर्ने नीति लिईनेछ ।

(ङ) सहकारी

५७) नेपालको संबिधान (२०७२) ले परिकल्पना गरेको ३ खम्बे अर्थ नीतिको एक खम्बाको रुपमा रहेको सहकारी क्षेत्र भएकाले सहकारीको मर्म र भावना अनुसार सहकारी गठन, सञ्चालन र व्यवस्थापनमा जोड दिईनेछ, सहकारीलाई गरिबी न्यूनिकरण र स्वरोजगारमा जोड्ने गरी कार्यक्रमहरु ल्याईने छ ।

५८) वित्तीय सेवा तथा प्रविधिको पहुँच विस्तार गर्न सहकारी शिक्षा तथा तालिम संचालन गर्न आवश्यक कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

५९) केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कून) र विषयगत संघहरुसँगको लागत साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।

६०) सहकारी संघ/संस्थाहरूलाई एकीकरणको लागि प्रोत्साहित गर्न एकीकरण भएको पहिलो दुई आर्थिक वर्षसम्म स्थानीय कर/व्यवसाय कर मिनाहा गर्ने नीति लिइनेछ ।

६१) सहकारितामा आधारित कृषि क्षेत्रसंग सम्वन्धित उत्पादन, प्रशोधन तथा बजारीकरणको विकास तथा प्रवर्द्धनको लागि आवश्यक कार्यक्रम ल्याईने छ ।

६२) सहकारीमा कोपोमिस प्रविष्टि र सम्पत्ती शुद्धिकरणको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

६३) सहकारीको रुपमा प्राकृतिक एवं जैविक खेती गर्ने सहकारीलाई नगरपालिकाले प्रोत्साहित गर्ने नीति रहनेछ ।

६४) उत्कृष्ट सहकारी प्रोत्साहन कार्यक्रम सञ्चालनमा ल्याईने छ ।

६५) नगरपालिका स्तरको सहकारीको अवस्था विश्लेषण गरी यथार्थ तथ्याङ्क सार्वजनिक गर्ने नीति अनुरुप सहकारी बुलेटिन प्रकाशन गरिने छ ।

६६) खारेज गर्न आवश्यक देखिएका सहकारीहरुलाई कानुनी प्रक्रिया अनुसार खारेजी गर्ने नीति लिइने छ ।

(च) खानी तथा खनिज

६७) वातावरणमा प्रतिकुल असर नपर्ने गरी प्रचलित कानून बमोजिम नगरपालिका भित्र रहेका खोलानालाबाट ढुङ्गा, गिट्टी, वालुवा उत्खनन गरि बिक्री वितरण गर्न आवश्यक नीतिगत प्रबन्ध गरिएको छ ।

(छ) रोजगार प्रवर्द्धन तथा गरिवी न्यूनीकरण

६८) विपन्न मजदुर वीमा कार्यक्रमलाई लक्षित वर्ग र समुदायको पँहूचमा पुर्‍याउँने नीति रहनेछ । विपन्न र मजदुर विमालाई निरन्तरता दिइनेछ ।

६९) गरीव श्रमिक र मजदुरका छोराछोरीलाई शिक्षाको पहूँच पूर्‍याउने उद्धेश्यले आवासिय विद्यालय मार्फत निशुल्क पठनपाठनको व्यवस्था गरिनेछ ।

७०) नगरपालिका भित्रको विपन्नता तथ्याङ्क संकलन गरी अभिलेखिकरण कार्य गरिने छ ।

७१) गरिवी निवारणको लागि संघ एवम् प्रदेश सरकार सँग आवश्यक समन्वय गरी विभिन्न कार्यक्रमहरु संचालन गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

७२) वैदेशिक रोजगारवाट फर्केका र नगरमा रहेको वेरोजगार युवाहरुको तथ्याँक संकलन गरी सिपमूलक तालिम संचालनको व्यवस्था गरिने कार्यलाई निरन्तरता दिइने छ ।

७३) "श्रमको सम्मान गरौ" भन्ने भावना मुताविक नगरक्षेत्र भित्र रहेका वेरोजगारहरुलाई आफ्नो गाउँ वस्तीको विकास निर्माण कार्यमा परिचालन गर्दै रोजगारी सृजना गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

७४) प्रधानमन्त्री रोजगार कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी वनाउने नीति लिईनेछ ।

## २. सामाजिक विकास सम्बन्धि निति

### (क) स्वास्थ्य सेवा :

७५) कोभिड १९, डेंगु जस्ता महामारीबाट नगरबासीको जीवन रक्षामा नगरपालिका सदैव लागिरहनेछ ।

७६) सिन्धुली अस्पतालमा कार्यरत विशेषज्ञ डाक्टरहरुलाई प्रोत्साहन गर्न विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

७७) प्राकृतिक प्रकोप एव विपत्तीका कारणले मृत्यु भएका विपन्न व्यक्तिको लागि नि:शुल्क सव-बहान नगर क्षेत्र भित्र नगरवासीहरुलाई उपलब्ध गरिने छ ।

७८) महिला स्वास्थ्य स्वयं सेविकालाई प्रोत्साहन गर्ने नीति लिईने छ ।

७९) "नगरउपप्रमुखसंग गर्भवती तथा सुत्केरी महिला कार्यक्रम " सञ्चालन गरिने छ ।

८०) वडाहरुमा विशेषज्ञ चिकित्सक द्वारा नि:शुल्क स्वास्थ्य जांच र औषधि वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

८१) ब्लड-बैङ्कलाई चौविसै घण्टा संचालनको लागि ल्याव टेक्निसियन करार/ज्यालादारीमा भर्ना गरी सेवा प्रवाहको व्यवस्था मिलाईनेछ ।

८२) मोतिविन्दु भएका विरामीहरुको लागि नि:शुल्क शल्यक्रियाको लागि रेडक्रस शाखा सिन्धुली संग साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।

८३) जेष्ठ नागरिकसंग नगरप्रमुख स्वास्थ्य कार्यक्रम सञ्चालन गरिने छ ।

८४) जेष्ठ नागरिकहरुलाई कृतिम दांत राख्ने कार्यक्रम लाई निरन्तरता दिईने छ ।

८५) भिमान स्वास्थ्य चौकीमा प्रवाह गर्दै आइएको चिकित्सकीय सेवालाई थप व्यवस्थित गर्दै लगिने छ ।

८६) संघीय सरकारले उपलब्ध गराउने पुर्ण खोप कार्यक्रम लाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

८७) "नगरप्रमुखसँग जनता स्वास्थ्य कार्यक्रम " अन्तर्गत सिन्धुली अस्पतालमा कमलामाई नगरवासीका लागि ओ.पी.डी. टिकटको निशुल्क व्यवस्था गरिनेछ ।

(ख) शिक्षा :

८८) विद्यालयमा दरबन्दीको अभाव हुन नदिने नीति लिइनेछ , शून्य दरबन्दी भएका, विद्यार्थी संख्या बढी र शिक्षक संख्या कमी भएका विद्यालयहरुलाई लक्षित गरी आधारभुत र मा.वि.तहमा नगर शिक्षक अनुदानको व्यवस्था गरिएको छ, यस कार्यलाई निरन्तरता दिईने छ ।

८९) वाल विकास सहजकर्ता, विधालय कर्मचारीको हकमा नगरपालिकाले बजेट थप गरी न्यूनतम मापदण्ड अनुसार दिनुपर्ने तलव भत्ताको रकम दिईआएकोमा सोलाई निरन्तरता प्रदान गरिने छ ।

९०) बालबालिकाको स्वास्थ्यलाई ध्यान दिदै दिवा खाजाको कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लगिने छ । आउँदो आर्थिक वर्ष देखि कक्षा ८ का विधार्थीका लागि समेत दिवा खाजा उपलब्ध गराईनेछ ।

९१) उच्च शिक्षामा सवै आम नगरवासीको पहूँच होस भन्ने उद्देश्यले सामुदायिक क्याम्पसहरुलाई प्रोत्साहित गर्ने नीति अनुरुप सामुदायिक क्याम्पसहरुलाई दिईदै आइएको शिक्षण अनुदानलाई निरन्तरता दिईनेछ ।

९२) बहुकक्षा बहुस्तर (MGML) साझेदारी कार्यक्रम (कमलामाई र शैक्षिक सशक्तीकरण केन्द्र) लाई निरन्तरता प्रदान गरिनेछ ।

९३) नगरका माध्यमिक विधालयहरुमा कम्प्युटर ल्याव सञ्चालनमा रहेको भएतापनि कम्प्युटर शिक्षकको अभावमा प्रभावकारी हुन सकिरहेको छैन, यस परिप्रेक्षमा प्रत्येक माध्यमिक विधालयका एक जना शिक्षकलाई कम्प्युटर विशेष तालिममा सहभागि गराईने कार्यक्रम ल्याईनेछ ।

९४) जीवन मुल्य शिक्षा विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

९५) योग्यता पुगेका शिक्षकहरुलाई नगरपालिकाले विज्ञापन गरी हरेक विद्यालयमा प्र.अ.को व्यवस्थापन गर्ने नीति लिइनेछ ।

९६) विद्यार्थी शिक्षक अनुपात मिलाइ हरेक शैक्षिक सत्रको सुरुमा दरबन्दी मिलान गर्ने नीति अवलम्बन गरिने छ ।

९७) कमलामाई नगरपालिका भित्रका शिक्षकहरुको पहिचानका लागि प्रत्येक शिक्षकहरुलाई परिचयपत्रको व्यवस्था गरिनेछ ।

९८) प्रत्येक विद्यालयलाई हरित विद्यालयको रुपमा विकास गर्दै जाने नीति लिइनेछ ।

९९) प्रारम्भिक बालविकासमा अध्यापन गर्ने सहजकर्ताहरुलाई आगामी बर्ष देखि क्षमता विकासका तालिम सञ्चालन गरी विद्यालयमा सिकाइ मैत्री वातावरणको विकास गरिदै लगिनेछ ।

१००)प्रत्येक विद्यालयमा आमा समूह निर्माण गरी आमा समूहलाई आय आर्जनसँग जोडेर बालबालिकालाई शैक्षिक उन्नयनमा सहयोग पुर्याउने नीति अवलम्बन गरिनेछ ।

१०१)विधार्थीहरुका लागि पढ्दै कमाउँदै विशेष कार्यक्रम ल्याईनेछ ।

१०२)जोखिममा रहेका वालवालिकाको उत्थान र संरक्षण गर्न नगरपालिकाले श्री कमला जनज्योति मा.वि. सिलामे क.न.पा.-५ मा स्थापना गरेको नगरआवासिय विधालयलय कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।

१०३)नवज्योति बहिरा मा.वि. जसेदमार, कमला जनज्योति मा.वि. सिलामे र गौमति मा.वि. मा छात्रवास भवन निर्माणको काम शुरु गरिनेछ ।

१०४) नगर नमूना विधालय कार्यक्रमलाई निरन्तरता प्रदान गरिने छ ।

१०५) विद्यार्थी संख्या र भौगोलिक दुरीका आधारमा विद्यालय तथा शिक्षक दरबन्दी समायोजन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०६)नगरभित्रका सामुदायिक तथा संस्थागत विधालयहरुको नियमन, अनुगमन, मूल्याँकनका लागि विशेष पद्धती तथा मापदण्डको विकास गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने नीति लिईनेछ ।

## (ग) संस्कृति प्रबर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

१०७)**"विकास निर्माणमा समान जिम्मेवारी"** भन्ने नीति अनुसार नगरको हरेक विकाशात्मक कार्यहरुमा महिलाको सहभागिता सुनिश्चित गरिनेछ ।

१०८) विपन्न लक्षित समुदायको वस्तुनिष्ट ढंगले पहिचान गरी निशुल्क विपन्न स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरिने छ ।

१०९) अपाङ्गता भएका व्यक्तिहरुको सीपमूलक तालिम सञ्चालन कार्यक्रम ल्याईनेछ ।

११०)गरिब, असाहय बालबालिकाहरुलाई आर्थिक सहयोग कार्यक्रम ल्याईनेछ ।

१११) महिलाहरुलाई आत्मनिर्भरता बढाउन वडास्तरीय महिला आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ ।

११२) प्रत्येक वडामा विपन्न एकल महिला आय आर्जन कार्यक्रमल्याई सम्बन्धित वडावाटै कार्यक्रम सञ्चालन गरिनेछ ।

११३) **"महिलालाई सम्मान नै असल समाजको पहिचान"** भन्ने मान्यता स्थापित गरिने छ ।

११४) महिलाद्धारा संचालित घरेलु उद्योग, कृषि फार्म, पशु फार्म, व्यापार र व्यवसायको करमा विशेष छुट तथा अनुदानको व्यवस्था मिलाइने कार्यलाई निरन्तरता दिईनेछ ।

११५) सामाजिक विभेदलाई पूर्ण रुपमा अन्त्य गर्न आवश्यक कार्यक्रमलाई निरन्तरता दिइने छ ।

११६) दलित समुदायका लागि सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

११७) आपतकालिन बाल उद्धार कोष संचालनमा ल्याईनेछ ।

११८) वडास्तरीय बाल क्लब गठन कार्यलाई प्रभावकारी बनाईनेछ ।

११९) हिंसा पिडित महिलाहरुको लागि सेफहाउस सञ्चालनमा ल्याइएको छ । सेफ हाउस सञ्चालन र व्यवस्थापनमा थप सुधार गर्दै लगिनेछ ।

१२०)किशोर किशोरी लक्षित चेतनामुलक कार्यक्रम संचालन गरिनेछ । बिकास निर्माणमा किशोर किशोरीको सहभागितालाई प्रोत्साहन गरिनेछ ।

१२१) सार्वजनिक भवन निर्माण गर्दा अपाङ्गमैत्री, बालमैत्री तथा स्तनपान कक्षको अनिवार्य निर्माण गरि सेवा प्रदान गर्ने नीति अख्तियार गरिनेछ ।

१२२) जातजाति, लिङ्ग, भाषा, भेषभुषा, धर्मको आधारमा कसैलाई भेदभाव गरिने छैन । गरिएको पाइएमा कानुनी उपचार गरी पिडितलाई तत्काल न्याय प्रदान गरिनेछ ।

१२३) युवाहरुमा सिर्जनात्मक क्षमताको विकास गरी सीपमुलक र व्यवसायीक तालिम मार्फत स्वरोजगार सिर्जना हुने कार्यक्रमलाई कमलामाई नगरपालिका नगर स्वरोजगार कार्यक्रम मार्फत निरन्तरता दिईनेछ ।

१२४) बालमैत्री वडा घोषण कार्यलाई निरन्तरता दिइनेछ ।

(घ) **खेलकुद**

१२५) खेलकूदको समूचित विकास गर्न पूर्वाधारको निर्माण, सिकाई, प्रतियोगिता आदिको आयोजना गरिने छ ।

१२६) विभिन्न खेलकुद प्रतियोगिता र खेल दर्शकलाई मध्यनजर गर्दै कमलामाई नगरपालिका वडा नं ६ स्थित खम्बेचौरमा प्याराफिट निर्माणको शुरुवात गरिनेछ ।

१२७) नगरका १४ वटै वडाहरुमा खेलकुद विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१२८) नगरले खेल क्षेत्रलाई प्रोत्साहित गर्न विभिन्न क्लब, विद्यालयलाई खेलकुद सामग्री वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१२९) प्रत्येक वडामा एक व्यवस्थित खेल मैदानको निर्माण गरिने छ ।

१३०) मेयर कप/उप मेयर कप खेलकुद प्रतियोगितालाई नियमित संचालन गरिने छ ।

१३१) नगरपालिका स्तरीय भलिबल/फुटबल विविध प्रतियोगिताहरु तथा विद्यालयस्तरीय खेलकुद संचालन गरीनेछ ।

१३२) खेलकुद विकास तथा नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै खेलमैदानहरुको उचित संरक्षण र व्यवस्थापन गरिनेछ ।

१३३) पार्क, खुलाक्षेत्र तथा खेल मैदानको व्यवस्थापनको लागि सरकारी तथा सार्वजनिक जमिन प्रयोगमा ल्याइने छ ।

१३४) पार्क तथा खुलाक्षेत्र निर्माण गर्दा न्यूनतम मापदण्ड कायम गरी महिला बालबालिका, जेष्ठ नागरिक र फरक क्षमता भएकालाई पनि समेटिनेछ ।

१३५) नगर क्षेत्र भित्रका राष्ट्रिय, अन्तर्राष्ट्रिय पदक प्राप्त गर्न सफल खेलाडिहरुलाई प्रोत्साहित गर्ने कार्यक्रम अगाडि बढाइने नीतिलाई निरन्तरता दिइनेछ ।

आदरणीय, नगरसभा सदस्यज्यूहरु,

३ पुर्वाधार विकास नीति

(क) सडक, यातायात, विद्युत ,खानेपानी एवम् आवास

१३६) कमलामाई नगरपालिका नगरकार्यपालिकाको व्यवस्थित प्रशासनिक भवन नहुँदा कार्यालयबाट जनतालाई सेवा प्रवाहमा विभिन्न समस्याहरु झेल्नुपरिरहेको छ । जनतालाई सहज ढंगले गुणस्तरीय सेवा प्रवाह गर्न प्रशासनिक भवनको निर्माणको अपरिहार्य देखिएकोले आ.व.२०८०/८१ बाट व्यवस्थित प्रशासनिक भवन निर्माणको कार्य शुरु गरिनेछ ।

१३७) कमलामाई नगरपालिकाको वडा नं. १३ रानीवासमा वडा प्रशासनिक भवन निर्माण कार्य शुरु हुदैछ, र आगामि आर्थिक वर्ष २०८०/८१ मा थप एक वडाको प्रशासनिक भवन निर्माण शुरु गरिनेछ ।

१३८) भौगोलिक विकटताले खानेपानीको कठिनाइ उत्पन्न भै रहेको परिस्थितिलाई मध्यनजर गर्दै हालसम्म वितरित खानेपानी योजना, इनार, पाइप र मोटरको हालको अवस्थाको वस्तुनिष्ट विश्लेषण गरिनेछ ।

१३९) कमलामाई नगरपालिका भित्र झोलुङ्गे पुल निर्माण कार्य भैरहेका छन् । आवश्यक स्थान पहिचान गरी पूल राख्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१४०) नयाँ परिवेशमा आवधिक विकास योजना निर्माण गरी विकासको वस्तुगत खाकालाई अगाडि बढाईनेछ ।

१४१) विकास निर्माण कार्यका लागि विस्तृत आयोजना प्रतिवेदन ( DPR ) तयार गरी बजेट कार्यान्वयन गर्दा बस्तुनिष्ट हुने भएकाले यस कार्यलाई निरन्तरता दिईनेछ ।

१४२)कमलामाई नगरपालिका वडा नं. ६ मा निर्माणाधिन अटोपार्कलाई आउँदो आर्थिक वर्षमा समेत निरन्तरता दिईनेछ ।

१४३)ग्वाङ करिडोर निर्माण कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

१४४) बसपार्कलाई व्यवस्थित बनाउँने नीति अनुरुप बसपार्क स्टल निर्माण कार्य गरिनेछ ।

१४५) संघ, प्रदेश सरकारबाट प्राप्त हुने समपुरक, सशर्त र विशेष अनुदान अन्तर्गतका विकास निर्माणका आयोजनाहरु समयमै ठेक्का प्रक्रिया/उपभोक्ता समिति मार्फत सञ्चालनमा ल्याईनेछ ।

१४६) आम नगरवासीको आवत जावतमा सहजता ल्याउन हरेक वडामा संचालित बाटोहरुलाई स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

१४७) सडकको दिगो संरक्षणका लागि सडकनालाको निर्माणमा जोड दिइएको छ । नाला सहितको सडक स्तरोन्नतीको कार्यलाई प्रोत्साहन गरिने छ ।

१४८) स्थानीय सडक , ग्रामिण सडक, कृषि सडकलाई स्तरोन्नती गरी कृषि उत्पादन बृद्धि र बजारीकरण सँग जोड्ने नीति लिइएको छ ।

१४९) स्थानीय नगरवासीलाई समेत समाहित गरी नगरका सडकहरुको नियमित मर्मत सम्भार गर्ने नीति लिइएको छ ।

१५०)नेवा सँगको साझेदारीमा नगरभित्रका विभिन्न खानेपानी आयोजना सञ्चालनलाई निरन्तरता दिईनेछ ।

१५१) वडागतरुपमा रुपमा बजेट सिलिङ्ग दिए अनुसार वडा समितिले पूर्वाधार विकासलाई प्राथामिकतामा राखि कार्यक्रमहरु छनौट गरिने र टुक्रे योजनालाई भन्दा समष्टि योजनामा जोड दिईनेछ ।

१५२) नगरपालिकाको मुख्य ठाउँहरुमा हाइ मास्ट लाईट (High Mast Light) राख्ने कार्य शुरु गरिएको छ यसलाई आगामि वर्ष पनि निरन्तरता दिईनेछ ।

१५३) नगरपालिकाको पोल बत्तीलाई आगामि वर्षदेखि लागत साझेदारीमा व्यवस्थापन गरिनेछ यसबाट पोलबत्तीको रेखदेख र जिम्मेवारीमा समुदाय पनि अग्रसर र सहभागि हुनेछ ।

१५४) नगरक्षेत्रका नदी खोलाहरुको पानीलाई जम्मा गरी सञ्चित गरिने र पानीको अभाव हुने समयमा उक्त सञ्चित पानी उपयोग गरिने नीति लिईनेछ ।

१५५) नगरपालिकाबाट संचालन हुने समपूरक बाहेकका सडक पूर्वाधार तर्फका विकास आयोजनाहरुमा बढ्दो जलवायु परिवर्तनलाई न्यूनिकरण गर्न वातावरण मैत्री, विकास निर्माण कार्यको लागि लागतको १% वातावरण संरक्षण कार्यमा खर्च गर्नुपर्ने नीती लिइनेछ ।

**(ख) सञ्चार**

१५६) सबै नगरबासीलाई संचारमा समान पँहूच पूऱ्याउने नीतिमा दृढता पूर्वक प्रतिवद्ध छौ । नगर क्षेत्रभित्रका सम्पूर्ण सामुदायिक विधालयहरु, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरुमा फाइवर तार सहितको इन्टरनेट जडान कार्य भैरहेको छ । इन्टरनेटको प्रयोग, पहूँच र गुणस्तरमा ध्यान दिईनेछ ।

१५७) सञ्चार पहुँचबाट बाहिर रहेका क्षेत्र पहिचान गरी आवश्यक स्थानमा टेलिफोन टावर विस्तारका लागि दुरसञ्चार प्राधिकरणसँग समन्वय गरिने छ ।

१५८) नगरपालिकाले प्रवाह गर्ने हरेक सेवालाई चुस्त, दुरुस्त, पारदर्शी तथा प्रविधी मैत्री बनाउन आधुनिक सूचना प्रविधिको प्रयोगमा जोड दिईएको छ । यसको विस्तार वडा कार्यालय सम्म गरिनेछ ।

१५९) सिसिटिभि क्यामेराको विस्तारलाई निरन्तरता दिईनेछ ।

१६०)आम संचार माध्यमलाई निस्पक्ष व्यबसायीक जनउत्तरदायि र जिम्मेवार बनाउन आवश्यक सहयोग कार्यक्रम संचालन गरिनेछ ।

१६१) सार्वजनिक ठाउँमा निशुल्क इन्टरनेट सेवालाई विस्तार गरिनेछ ।

१६२) सार्वजनिक सेवा प्रवाहलाई सूचना प्रविधिमा आवद्धगरी छिटो छरितो, गुणस्तरिय र पारदर्शी बनाउँदै लगिनेछ ।

१६३) समाजिक सञ्जाल र अनलाइन मिडियालाई आम जनताको चेतना अभिवृद्धिका लागि सदुपयोग गरिने नीति लिइनेछ ।

१६४) राजश्व संकलनमा नयाँ पद्धती र प्रविधिमा जोड दिईनेछ ।

## ४. वन ,वातावरण, फोहोर मैला तथा विपद व्यवस्थापन

### (क) वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन

१६५)कमलामाई नगरपालिकालाई वातावरण मैत्री नगर बनाउने नीति अबलम्बलन गरिने छ ।

१६६) स्थानीय टोल विकास संस्था र गैर सरकारी संस्थाहरुको समेत परिचालन गरी "सफा सुन्दर हराभरा: हाम्रो राम्रो कमलामाई नगरपालिका" अभियानलाई थप प्रभावकारी बनाइने छ ।

१६७) सार्वजनिक तथा महत्वपूर्ण स्थानहरुमा डष्टविनको व्यवस्था गरिएको छ र साथै थप स्थानमा विस्तार गरिनेछ ।

१६८)फोहोर संकलन र पृथकीकरणमा टोल विकास संस्थाहरुलाई उत्साहित बनाउने नीति तर्जुमा गरिएको छ , आगामी वर्ष थप व्यवस्थित गर्दै लगिनेछ ।

१६९) सडकको किनारामा हुने खुल्ला दिसा पिसाब अन्त्यका लागि उपयुक्त स्थानमा पार्किङ्ग तथा शौचालयको व्यवस्था गरिएको छ । अन्य आवश्यक स्थान पहिचान गरि निरन्तरता दिइनेछ ।

१७०) टोल सुधार समितिलाई क्रियाशिल गरि सरसफाई सम्बन्धि विभिन्न कार्यमा सक्रिय गराईनेछ । टोल सफा राख्ने समितिलाई पुरस्कृत गरिनेछ ।

१७१) नदी किनार, नदी उकास, सार्वजनिक खालि जग्गा, पाखा तथा सडक किनारमा वृक्षारोपणको व्यवस्था गरिने छ ।

१७२) नीजि तथा सामुदायिक वनको प्रवर्द्धन एवम् नियमनलाई विशेष प्राथमिकतामा राखिने छ ।

१७३) फोहोरमैला उत्पादनको श्रोत मै वर्गिकरण गर्न आवश्यक कार्यक्रमहरु संचालनमा निरन्तरता दिइने छ ।

१७४) जलवायु परिर्वनबाट पर्ने नकारात्मक असरहरु न्यूनीकरणका लागि आवश्यक व्यवस्था गर्दै विभिन्न कार्यक्रमहरु संचालन गरिने कार्यलाइ निरन्तरता दिइनेछ ।

१७५) वायु तथा ध्वनीको प्रदुषण नियन्त्रण सम्बन्धि जनचेतनामुलक कार्यक्रम संचालन कार्यलाई निरन्तरता दिइनेछ ।

१७६) नगर क्षेत्र भित्र रहेका प्रत्येक सामुदायिक, संस्थागत विद्यालय र क्याम्पस तथा अस्पतालको हाताबाट १०० मिटर भित्र कुनै पनि सूर्तिजन्य तथा मदिराजन्य पदार्थ बेचविखनमा रोक लगाईने छ । यसको लागि नगरपालिकाले मापदण्ड तयार गरी लागू गर्ने छ ।

१७७) बजार तथा बाटोमा नियम विपरित जथाभावी होडिङ बोर्ड राख्न रोक लगाईने कार्यलाई निरन्तरता दिइनेछ ।

१७८) बढ्दो शहरीकरण र वातावरणीय प्रभावलाई ध्यान दिदै यस नगरक्षेत्रमा तरल फोहोरलाई व्यवस्थापन गर्ने स्लज ट्रिटमेन्ट केन्द्र २ स्थानमा भिमान र सिन्धुलीको उपयुक्त स्थानमा निर्माण गरिनेछ । स्लज ट्रिटमेन्ट केन्द्र मार्फत चर्पी र अन्य स्थानवाट निस्कने फोहोरलाई प्रशोधन गरी मल उत्पादनमा समेत सहयोग पुग्ने छ ।

१७९) नमुना कम्पोष्टिङ्ग कार्यक्रम सञ्चालन गरिनेछ ।

१८०) फोहोरमैलालाई उचित व्यवस्थापन गर्न व्यवस्थित डम्पिङ साइट निर्माण गर्नुपर्ने आवश्यकता देखिएकाले कमलामाई नगरपालिका वडा नं. ८, ९, १०, १३ र १४ का लागि (बहुवर्षिय) उपयुक्त स्थान छनौट गरी व्यवस्थित डपिङ्ग साइट निर्माणको काम शुरु गरिनेछ ।

१८१) नदी धार नियन्त्रण तथा पोखरी निर्माणको शुरुवात गरिनेछ ।

(ख)विपद /प्रकोप व्यवस्थापन,

१८२) विपद व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन विपद व्यवस्थापन कोषलाइ थप सुदृढ गरिनेछ ।

१८३) विपद्बाट हुने क्षति न्यूनिकरणका लागि तत्काल राहत र उद्धारका कार्यमा जोड दिइनेछ । यस कार्यमा नगरप्रहरी, सहयोगी संस्था र सम्बन्धित निकायहरुको परिचालनमा जोड दिइनेछ ।

१८४) विपद् व्यवस्थापनका लागि आवश्यक पर्ने तारजाली, बोरा, पाईप तथा अन्य सामाग्रीहरु तयारी अवस्थामा राख्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१८५) नगर भित्रका विपद जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तिहरुको पहिचान गरी स्थानान्तरणको लागि आवश्यक प्रक्रियाको थालनी गरिने छ ।

१८६) नगर भित्रका नदी कटानका कारणले नगरवासीले भोग्नु परेको समस्यालाई न्यूनीकरण गर्न अध्ययन गरिनेछ ।

१८७) विपद, जोखिम, न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली सम्वन्धि कार्यक्रमको तर्जुमा र कार्यान्वयन गरिनेछ ।

१८८) उद्योग वाणिज्य संघ सिन्धुलीसँगको साझेदारीमा थप नयाँ दमकल खरिद गरिनेछ ।

## ५. सुशासन तथा संस्थागत विकास तथा सेवा प्रवाह

### (क) सामान्य सेवा प्रवाह तथा मानव संसाधन

१८९) नगरपालिका कार्यालयमा आवश्यकताको आधारमा महाशाखा, शाखा, उपशाखा र इकाइ गठन गरी जनताको काम छिटो र छरितो हुनेगरी व्यवस्था मिलाईनेछ । यसको लागि नगरपालिकामा नयाँ संगठनात्मक संरचनाको निर्माण गरिनेछ ।

१९०) निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरुको आचरण र व्यवहारलाई मर्यादित बनाउन आचार संहिंताको पुर्णरुपमा पालना गरिनेछ ।

१९१) प्रविधिको बढ्दो प्रयोग सँगै नगरले आफ्ना कर्मचारी र जनप्रतिनिधिहरुलाई सूचना प्रणालीको र नविनतम सीप विकासको तालिम व्यवस्थापन गर्दै लैजाने नीति लिइनेछ ।

१९२)नगरपालिका र अन्तर्गतका कार्यालयहरुवाट प्रदान गरिने सेवाको सन्दर्भमा नियमित रुपमा नागरिक सन्तुष्टी सर्वेक्षण गरिने व्यवस्था मिलाइनेछ । सार्वजनिक सुनुवाईको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१९३) नगरपालिकाको सूचना, जानकारी, सेवाप्रवाहको वारेमा जनतालाई सहज जानकारी गराउन विगतदेखि विभिन्न सञ्चार संस्थासंग सञ्चार साझेदारी कार्यक्रम गर्दै आएकोले सो कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

(ख) सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन

१९४) नगरपालिकाको काम-कारवाही तथा जानकारीहरु प्रदान गर्न Digital Display Board स्थापना गरिनेछ ।

१९५) नगरपालिकाले हरेक काम कारवाही वेबसाइट, इमेल, अनलाइन नेटवर्किंग जस्ता विद्युतिय संचार माध्यमको प्रयोग गरी नगरपालिका. अर्न्तगत सबै वडाहरुलाई विद्युत्तिय सञ्चारसँग आवद्ध हुने अवधारणा प्रयोगमा ल्याउने नीति लिइनेछ ।

१९६) नगरपालिकाको ऐलानी एवं अव्यवस्थित जग्गा अभिलेखीकरण, सार्वजनिक सम्पत्ती अभिलेखीकरण, घर नक्सा पास, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा भत्ता वितरण अभिलेख, नगरको जिन्सी अभिलेख जस्ता कार्यहरुलाई पूर्णरुपमा डिजिटाइजेशन गरी व्यवस्थित गरिने कार्यलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

१९७) नगरमा सञ्चालित विभिन्न सफ्टवेयरहरुको व्याकअपका लागि आफ्नै सर्भर जडान गरी सञ्चालनमा ल्याइएको छ । यसलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

१९८) कर्मचारीहरुलाई सूचना प्रविधि तथा ई-गभर्नेन्स सम्बन्धी तालिमको व्यवस्था गर्दै लगिनेछ ।

(ग) सुरक्षा व्यवस्थापन

१९९) नगरको आफ्नै नगर प्रहरीलाई समय अनुसार तालिम दिई नगरप्रहरीले गर्ने काममा दक्षता ल्याउने तर्फ ध्यान दिई नगरप्रहरी विशेष तालिम कार्यक्रम संचालन गरिनेछ ।

२००) नेपाल प्रहरीसँगको समन्वय तथा सहकार्यमा नगरको मुख्य चोकहरुमा सिसि टिभी राखी सुरक्षा कार्यक्रमलाई निरन्तरता दिइएको छ । यसलाई थप आवश्यक स्थानमा विस्तार गरिनेछ । साथै, सम्बन्धित निकायको समन्वयमा आवश्यकतानुसार ड्रोन क्यामेरा खरिद गरिनेछ ।

२०१) नगरको शान्ति सुरक्षालाई व्यवस्थित र भरपर्दो बनाउँदै लगिनेछ । यसका लागि जिल्ला एवं नगरक्षेत्र स्थित सबै सुरक्षा निकायहरुसँग समन्वय गरिनेछ ।

(घ) न्याय सम्पादन

२०२) सामाजिक न्याय र स्थापित ऐन कानूनमा आधारित भई न्याय सम्पादन गरिनेछ ।

२०३) न्यायीक समितिमा परेका उजुरीहरुलाई सकेसम्म मेलमिलापको माध्यमबाट निरुपण गर्ने नीति लिईनेछ ।

२०४) सिन्धुली जिल्लाका सवै स्थानीय तहहरुको सहभागितामा न्यायीक भेला आयोजना गरी अनुभव आदान प्रदान , न्यायीक समितिका समस्या र समाधानको वारेमा कार्यक्रम गरिनेछ ।

२०५) नयाँ मेलमिलाप कर्ताको लागि तालिम सञ्चालन गरिनेछ ।

(ङ) वित्तीय व्यवस्थापन र सुशासन

२०६) नगरपालिकामा भएको आम्दानी तथा खर्चको मासिक विवरण नगरपालिकाको वेभसाइटमा प्रत्येक महिनाको ७ गते भित्र राखिने कार्यलाई निरन्तरता दिइनेछ ।

२०७) नगरपालिकाले नागरिकता सिफारीस गर्दा लिँदै आएको सिफारीस दस्तुरलाई निःशुल्क गरिनेछ ।

२०८) करको दर भन्दा पनि दायरालाई बढाउदै लैजाने नगरको नीति भए अनुसार घर वाहाल कर र व्यवसाय कर संकलन अभियान सञ्चालन गरिनेछ ।

२०९) नगरपालिकाको सार्वजनिक खरिद कार्यमा संलग्न हुने नगरपालिका क्षेत्रभित्रका व्यापार, व्यवसाय , उद्योगको हकमा अनिवार्य नगरपालिकामा व्यवसाय कर चुक्ता प्रमाण पेश गर्नुपर्ने नीति अवलम्बन गरिएको छ, यसबाट व्यवसाय करमा बढोत्तरी भएको छ । यसलाई थप प्रभावकारी बनाउँदै लगिने छ ।

२१०) नगरपालिकाको आन्तरिक राजश्वलाई बढोत्तरी गर्न विभिन्न करका संभाव्य क्षेत्रहरुको पहिचान गरी राजश्वको दायरालाई बृद्धि गर्ने नीति लिइनेछ ।

२११) नेपाल सरकारको नीति अनुरुप स्थानीय तहको राजश्व संकलन अनिवार्य रुपमा सुत्र सफ्टवेयर मार्फत गर्नुपर्ने भएकाले आगामी आर्थिक वर्ष देखि राजश्व संकलन कार्य सुत्र सफ्टवेयर मार्फत गरिनेछ ।

२१२) योजना तथा कार्यक्रम संचालन गर्दा, सेवा वा सामाग्री खरिद गर्दा नेपाल सरकारको सार्वजनिक खरिद ऐन, नियमावली तथा आर्थिक कार्यविधि अनुसार गरिने छ ।

२१३) नगरपालिकाको गत विगत आर्थिक वर्षको वेरुजु मध्ये नियमित गर्नु पर्नेलाई नियमित गरिने, असुल उपर गर्नुपर्ने खालको बेरुजुलाई सम्बन्धित व्यक्ति तथा

संघसंस्थाहरु सँग नियमानुसार असुलउपर गरिनेछ। नगरपालिकाको बेरुजु न्यून गर्ने तर्फ ध्यान दिइनेछ।

२१४) तोकिएको समयमानै पेश्की तथा बेरुजु फछ्र्यौट नगरेमा भुक्तानी हुन बाँकी रकम, पारिश्रमिक, तलब भत्ता समेत रोक्का गरि असुल उपर गरिनेछ।

२१५) राजश्व संकलनको लागि कर शिक्षा एवं संकलन कार्यक्रम मार्फत करमैत्री वातावरणको व्यवस्था मिलाईनेछ।

२१६) अनावश्यक खर्च नियन्त्रण गरी सार्वजनिक श्रोतको उपयोग गर्दा मितव्ययी हुने नीति अवलम्बन गरिनेछ। यसको लागि खर्च मापदण्ड बनाई लागू गरिनेछ।

## विविध

२१७) कमलामाई नगरक्षेत्रमा हात्तीको प्रकोप रहदै आएको र यसै वर्ष १ (एक) जनाले ज्यान समेत गुमाउनु परेको दुखद अवस्थामा हात्तीको आतंकलाई कसरी रोक्न सकिन्छ, भन्ने वारेमा स्थलगत अध्ययन गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ। साथै, जंगली जनावर बाँदर, बँदेल, निलगाई, दुम्सी, लगायतले विभिन्न वडा र बस्तीमा अन्न बाली नष्ट गर्ने कार्य रोकथामको लागि नीति कार्यक्रम ल्याइनेछ।

**आदरणीय, नगरसभा सदस्यज्यूहरु,**

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रमले नगरको विकास र समृद्धीमा महत्वपूर्ण ईट्टा थप्ने विश्वास लिएको छु। यस गरिमामय नगरसभामा आवश्यक छलफल तथा स्विकृतिको लागि पेश गरेको छु।

चालु आ.व. २०७९/८० को समिक्षा सहित आगामी आ.व. २०८०/८१ को प्रस्तावित नीति तथा कार्यक्रम मस्यौदा तयार पार्न प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग गर्नु हुने सम्पूर्ण नगरसभा सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत सहित सम्पूर्ण कर्मचारी परिवार, विभिन्न संघ-संस्था, सञ्चार क्षेत्र तथा आम नगरवासी प्रति हार्दिक आभार व्यक्त गर्दछु, प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहयोगको अपेक्षा सहित हार्दिक अपिल गर्दछु।

धन्यवाद,

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख
०७ असार २०८०